
अंक १

# बुलेटिन

२०७६ जेठ



## स्वतन्त्र पत्रकार संघ, नेपाल
## जिल्ला शाखा, भक्तपुर

CamScanner

# स्वतन्त्र पत्रकार संघ भक्तपुर शाखाका प्रदाधिकारीहरू



डा.इन्दुल केसी
अध्यक्ष



कृष्ण प्रजापति
उपाध्यक्ष



कृष्ण किसी
सचिव



कृष्णराम प्रजापति
कोषाध्यक्ष



प्रताप मानन्धर
सदस्य



रेणु त्वानाबासु
सदस्य



सीतालक्ष्मी प्रजापति
सदस्य

## हार्दिक बधाई तथा शुभकामना

स्वतन्त्र प्रत्रकार संघ, नेपाल जिल्ला शाखा भक्तपुरले आफुले गरेका गतिविधिहरुलाई समेटेर बुलेटिन प्रकाशन गर्न लागेकोमा स-धन्यबाद हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

**केवी मशाल**
केन्द्रिय अध्यक्ष

**केवी सम्राट**
केन्द्रिय वरिष्ठ उपाध्यक्ष

**स्वतन्त्र पत्रकार संघ, नेपाल केन्द्रिय समिति**

CamScanner

# स्वतन्त्र पत्रकार संघ भक्तपुर गठन




भक्तपुर । भक्तपुरका पुराना पत्रकारहरुको एक भेलाले स्वतन्त्र पत्रकार संघ भक्तपुर गठन गरिएको छ । सम्भवतः भक्तपुरकै पहिलो पुरानो पत्रकार (२०१६ सालमा राष्टिय संवाद समिति हालको राष्टिय समाचार समितिका भक्तपुर प्रतिनिधि) डा इन्दुल केसीको अध्यक्षतामा सात सदस्यीय समिति गठन गरिएको हो । समितिको उपाध्यक्षमा दुई दशकदेखि हालसम्म पनि निरन्तर पत्रकारितामा क्रियाशिल कृष्ण प्रजापति रहेका छन् । यस्तै सचिवमा पनि दुई दशकदेखि पत्रकारितामा क्रियाशिल कृष्ण किसी रहेका छन् । कोषाध्यक्षमा कृष्णराम प्रजापति रहेका छन् । सदस्यहरुमा प्रताप मानन्धर, सीतालक्ष्मी प्रजापति र रेणु त्वानाबासु रहेका छन् ।



CamScanner

# स्वतन्त्र पत्रकार संघको केन्द्रिय महाधिवेशनमा
# भक्तपुर शाखाबाट सहभागिता

बन्दिपुर । स्वतन्त्र पत्रकार संघको तेश्रो केन्द्रिय महाधिवेशन तथा आठौं साधारणसभामा स्वतन्त्र पत्रकार संघ जिल्ला शाखा भक्तपुरबाट जिल्ला शाखा उपाध्यक्ष कृष्ण प्रजापतिको नेतृत्वमा तीन सदस्यीय प्रतिनिधि सहभागी रहयो । वैशाख २७, २८ र २९ गते तनहुंको बन्दिपुरमा भएको तीनदिने सम्मेनलमा जिल्लाबाट कृष्ण किसी र रेणु त्वानाबासु पनि सहभागी रहनुभयो । महाधिवेशनमा जिल्लाबाट सहभागी टोलीले सक्रियतापुर्वक सहभागिता जनाउनुभयो । महाधिवेशन सफलतापूर्वक सम्पन्न भएको थियो । महाधिवेशनले केवी मशालको अध्यक्षतामा केन्द्रिय समिति निर्वाचित भएको थियो ।







CamScanner

# स्वतन्त्र पत्रकारद्वारा मिडिया काउन्सिल विधयकको विरोध

भक्तपुर । कानुन व्यवसायी तथा पत्रकारहरुले सरकारले संसद्मा पेश गरेको मिडिया काउन्सिल विधेयक भ्रष्टाचारलाई प्रोत्साहन गर्न ल्याइएको बताएका छन् । स्वतन्त्र पत्रकार संघ जिल्ला शाखा भक्तपुरले जेठ ८ गते बुधवार यहां गरेको जानकारीमुलक अन्तरक्रिया कार्यक्रममा सहभागीहरुले भ्रष्टाचारकोविरुद्धमा लेख्ने पत्रकारको मुखमा नत्थी कसेर भ्रष्टाचारलाई मलजल दिन खोजेको आरोप लगाए ।

वरिष्ठ कानुन व्यवसायी एवं स्वतन्त्र नागरिक अभियन्ता बालकृष्ण न्यौपानेले विधेयकमा रहेका व्यवस्थाबारे जानकारी दिंदै हाल कायम प्रेस काउन्सिल नेपाललाई विघटन गरी नयाँ स्थापना गर्न लागिएको मिडिया काउन्सिलमा पदाधिकारीहरुको नियुक्तको व्यवस्थाले पनि मिडियालाई नियन्त्रणमा राख्न खोजेको प्रष्ट भएको बताए । नौ जना पदाधिकारीमा ६ जना त सञ्चारमन्त्रीले राख्न सक्ने व्यवस्था छ, बरिष्ठ कानुन व्यवसायी न्यौपानेले भने, नौ जनामा ६ जना आफनै मान्छे राख्न पाउनु भनेको बहुमत प्राप्त गर्नु हो, यसको अर्थ सञ्चारमन्त्रीले जे चाह्यो त्यही गर्न पाउने व्यवस्था गर्नु हो । यसअघिको हालको व्यवस्थामा त्यस्तो नभएको पाइएको चर्चा गर्दै उनले मिडिया नियन्त्रणमुखी बनाउने दिशातर्फ उन्मुख भएको बताए ।

स्वतन्त्र पत्रकार संघका केन्द्रिय वरिष्ठ उपाध्यक्ष केवी सम्राटले राज्यको चौथौं अंगको रुपमा रहेको मिडियालाई सरकारले खल्तीको आयोग बनाउन खोजेको आरोप लगाए । आयोजक स्वतन्त्र पत्रकार संघ भक्तपुरका अध्यक्ष डा इन्दुल केसीले भ्रष्टाचारले भुंडी बोकेको चर्चा गर्दै त्यसलाई गर्भपतन गर्नुको कुनै विकल्प नभएको बताए ।

कार्यक्रममा पत्रकार विजयबहादुर देउजा, अधिवक्ता यज्ञबहादुर कार्की, महेशजंग कुंवर, बद्री दुलाल, कृष्ण प्रजापति, कृष्ण किसीलगायले मिडियामाथिको नियन्त्रण कुनै हालतमा पनि सह्य नहुने बताए ।



CamScanner









CamScanner

## नागरिक राष्ट्रिय दैनिक

### मिडियामाथिको नियन्त्रण असह्य'

भक्तपुर, वैशाख ८ (नागरिक)- कानुन व्यवसायी तथा सञ्चारकर्मीले मिडियामाथिको नियन्त्रण असह्य हुने बताएका छन्। सरकारले मिडिया काउन्सिल विधेयक ल्याएर मिडियामाथि नियन्त्रण जमाउने प्रयास थालेको भन्दै उनीहरूले त्यसविरुद्ध एकजुट भएर आन्दोलन गर्नुपर्ने आवश्यकता औंल्याए। सरकारले संसद्मा पेस गरेको मिडिया काउन्सिल विधेयकबारे स्वतन्त्र पत्रकार संघ जिल्ला शाखा भक्तपुरले बुधबार आयोजना गरेको अन्तर्क्रिया कार्यक्रमका सहभागीले मिडिया काउन्सिल विधेयक 'मुसालाई मिठो बनाएर खुवाउने विष जस्तै भएको बताए।

वरिष्ठ कानुन व्यवसायी एवं स्वतन्त्र नागरिक अभियन्ता बालकृष्ण न्यौपानेले हाल कायम प्रेस काउन्सिल नेपाललाई विघटन गरी नयाँ स्थापना गर्न लागिएको मिडिया काउन्सिलमा पदाधिकारीको नियुक्तको व्यवस्थाले पनि मिडियालाई नियन्त्रणमा राख्न खोजेको प्रष्ट भएको बताए। नौ जना पदाधिकारीमा ६ जना सञ्चारमन्त्रीले राख्न सक्ने व्यवस्थाले सञ्चारमन्त्रीले जे खोजेको हो त्यही लागु गर्न खोज्नु प्रष्ट भएको उनको भनाइ छ। वरिष्ठ कानुन व्यवसायी न्यौपानेले भने, 'नौ जनामा ६ जना आफ्नै मान्छे राख्न पाउनु भनेको बहुमत प्राप्त गर्नु हो, यसको अर्थ सञ्चारमन्त्रीले जे चाह्यो त्यही गर्न पाउने व्यवस्था गर्नु हो।' यसअघिको हालको व्यवस्थामा त्यस्तो नभएको पाइएको चर्चा गर्दै उनले मिडिया नियन्त्रणमुखी बनाउने दिशातर्फ उन्मुख भएको बताए।

## झतापोल दैनिक

बिहीबार, ९ जेठ २०७६ | Thursday 23 May 2019 | ५

### भ्रष्टाचारीलाई जोगाउन मिडिया काउन्सिल विधेयक ल्याएको आरोप

भक्तपुर, ८ जेठ – कानुन व्यवसायी तथा पत्रकारहरूले सरकारले संसद्मा पेश गरेको मिडिया काउन्सिल विधेयक भ्रष्टाचारलाई प्रोत्साहन गर्न ल्याएको बताएका छन्। स्वतन्त्र पत्रकार संघ जिल्ला शाखा भक्तपुरले बुधबार यहाँ गरेको जानकारीमूलक अन्तरक्रिया कार्यक्रमका सहभागीहरूले भ्रष्टाचारकोविरुद्धमा लेख्ने पत्रकारको मुखमा ताल्चा कसेर भ्रष्टाचारलाई मलजल दिन खोजेको आरोप लगाए।

वरिष्ठ कानुन व्यवसायी एवं स्वतन्त्र नागरिक अभियन्ता बालकृष्ण न्यौपानेले विधेयकमा रहेका व्यवस्थाबारे जानकारी दिँदै हाल कायम प्रेस काउन्सिल नेपाललाई विघटन गरी नयाँ स्थापना गर्न लागिएको मिडिया काउन्सिलमा पदाधिकारीहरूको नियुक्तको व्यवस्थाले पनि मिडियालाई नियन्त्रणमा राख्न खोजेको प्रष्ट भएको बताए। नौ जना पदाधिकारीमा ६ जना त सञ्चारमन्त्रीले राख्न सक्ने व्यवस्था छ। वरिष्ठ कानुन व्यवसायी न्यौपानेले भने, नौ जनामा ६ जना आफ्नै मान्छे राख्न पाउनु भनेको बहुमत प्राप्त गर्नु हो, यसको अर्थ सञ्चारमन्त्रीले जे चाह्यो त्यही गर्न पाउने व्यवस्था गर्नु हो। यसअघिको हालको व्यवस्थामा त्यस्तो नभएको पाइएको चर्चा गर्दै उनले मिडिया नियन्त्रणमुखी बनाउन दिशातर्फ उन्मुख भएको बताए।

स्वतन्त्र पत्रकार संघका केन्द्रिय वरिष्ठ उपाध्यक्ष हर्ष सुवालले राज्यको चौथो अंगको रुपमा रहेको मिडियालाई सरकारले मन्त्रीको आयोग बनाउन खोजेको आरोप लगाए। आयोजक स्वतन्त्र पत्रकार संघ भक्तपुरका अध्यक्ष टा इन्दुल कर्माले भ्रष्टाचारले भुँडी बोकेको चर्चा गर्दै त्यसलाई गर्भपतन गर्नुको कुनै विकल्प नभएको बताए।

कार्यक्रममा पत्रकार विजयबहादुर देउजा, अधिवक्ता गजबहादुर कार्की, महाभक्त कुँवर, बद्री दुवाल, कृष्ण प्रजापतिलगायतले मिडियामाथिको नियन्त्रण कुनै हालतमा पनि सह्य नहुने बताए।

## मजदुर दैनिक

उ यका | २

### मिडिया काउन्सिल विधेयकबारे छलफल

भक्तपुर ८ जेठ। कानुन व्यवसायी तथा पत्रकारहरूले सरकारले संसद्मा पेश गरेको मिडिया काउन्सिल विधेयक भ्रष्टाचारलाई प्रोत्साहन गर्न ल्याइएको बताउनुभएको छ।

स्वतन्त्र पत्रकार सङ्घ जिल्ला शाखा भक्तपुरले बुधबार आयोजना गरेको जानकारीमूलक अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले भ्रष्टाचारकोविरुद्धमा लेख्ने पत्रकारको मुखमा ताल्चा कसेर भ्रष्टाचारलाई मलजल दिन खोजेको बताउनुभयो।

वरिष्ठ कानुन व्यवसायी एवं स्वतन्त्र नागरिक अभियन्ता बालकृष्ण न्यौपानेले विधेयकमा रहेका व्यवस्थाबारे जानकारी दिँदै हाल कायम प्रेस काउन्सिल नेपाललाई विघटन गरी नयाँ स्थापना गर्न लागिएको मिडिया काउन्सिलमा पदाधिकारीहरूको नियुक्तको व्यवस्थाले पनि मिडियालाई नियन्त्रणमा राख्न खोजेको प्रस्ट भएको बताए।

उहाँले भन्नुभयो, "नौ जना पदाधिकारीमा ६ जना त सञ्चारमन्त्रीले राख्न सक्ने व्यवस्था छ। नौ जनामा ६ जना आफ्नै मान्छे राख्न पाउनु भनेको बहुमत प्राप्त गर्नु हो। यसको अर्थ सञ्चारमन्त्रीले जे चाह्यो त्यही गर्न पाउने व्यवस्था गर्नु हो।"



CS CamScanner

# स्वतन्त्र पत्रकार संघ भक्तपुर गठन

By Chhata Post - April 27, 2019 202 0




भक्तपुर । भक्तपुरका पुराना पत्रकारहरुको एक भेलाले स्वतन्त्र पत्रकार संघ भक्तपुर गठन गरिएको छ ।

सम्भबतः भक्तपुरकै पहिलो पुरानो पत्रकार २०१६ सालमा राष्ट्रिय संवाद समिति हालको राष्ट्रिय समाचार समितिका भक्तपुर प्रतिनिधि डा. इन्दुल केसीको अध्यक्षतामा सात सदस्यीय समिति गठन गरिएको हो ।

समितिको उपाध्यक्षमा दुई दशकदेखि हालसम्म पनि निरन्तर पत्रकारितामा क्रियाशिल कृष्ण प्रजापति रहेका छन् । यस्तै सचिवमा पनि दुई दशकदेखि पत्रकारितामा क्रियाशिल कृष्ण किसी रहेका छन् । कोषाध्यक्षमा कृष्णराम प्रजापति रहेका छन् । सदस्यहरुमा प्रताप मानन्धर, सीतालक्ष्मी प्रजापति र रेणु त्वानाबासु रहेका छन् ।


सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

**के तपाई पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइनमा भविष्य खोज्दै हुनुहुन्छ ?**

त्यसो हो भने हामी छौ तपाईको साथमा

अनुभवी मिडियाकर्मीबाट हामी छिटै पत्रकारिता तालिम संचालन गर्दैछौ ।



सम्पर्क
स्वतन्त्र पत्रकार संघ, भक्तपुर
९८४१-३९४३८७
nischalkisi@gmail.com